## पोस्टर प्रदर्शनी प्रतियोगिता सम्बन्धि जानकारी

१. प्रतियोगितामा कृषि तथा वन विज्ञान विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी मात्र सहभागी हुन सक्नेछन् ।

२. पोस्टर तयारी नेपाली भाषामा सरल एवं कृषक मैत्री हुनु पर्ने छ ।

३. विद्यार्थीले हाल नेपालको कृषि, पशु, माछा, वन लगायतका क्षेत्रमा आवश्यक रहेको शिर्षक छनौट गरि पोस्टर तयार गर्न सक्ने छन् । समस्याको समाधान केन्द्रित जानकारी मुलक पोस्टर तयार गर्नु पर्ने छ ।

४. पोस्टरको टेम्प्लेट कृषि तथा वन विज्ञान विश्वविद्यालयको वेबसाईट मार्फत प्राप्त गर्न सकिने छ ।

५. प्रतियोगितामा सहभागी हुन विद्यार्थीले प्रतियोगिता प्रवेश शुल्क बापत नेपाल बैंक लिमिटेड, रामपुर शाखामा रहेको कृषि तथा वन विज्ञान विश्वविद्यालय, आम्दानी खाता ०८५००१०७५४४५०६००००००१ मा रु १०० (अक्षरुपि: एक सय रुपैया मात्र) जम्मा गर्नु पर्ने छ।

६. प्रतियोगिताको प्रवेश शुल्क बुझाएको भौचर वा कारोबारको विवरण (अनलाईन भुक्तानीको हकमा) यस agrifair@afu.edu.np मा बुझाई प्रतियोगीले आफ्नो प्रतियोगी नम्बर लिनु पर्ने छ ।

७. प्रतियोगिता २ चरणमा संचालन हुने छ जस अन्तर्गत पहिलो चरणमा प्राप्त भएका पोस्टरहरुको मुल्यांकन गरिने छ र दोश्रो चरणमा त्यस मुल्यांकन बाट ५० उत्कृष्ट पोस्टरहरु छनौट गरि कृषि प्रदर्शनीको अवधिभर मेला परिसरमा प्रदर्शन गरिने छ ।

८. मेला अवधिमा पोस्टर प्रदर्शनीको क्रममा विद्यार्थी स्वयम् पोस्टर संगै उपस्थित भई जानकारी लिन खोज्ने अवलोकनकर्तालाई पोस्टर सम्बन्धि जानकारी उपलब्ध गराउनु पर्ने छ ।

९. पोस्टर प्रदर्शनीको पहिलो चरणको लागि मिति २०८१/०८/०४ देखि २०८१/०८/२० सम्म आवेदन खुल्ला गरिएको छ । उक्त अवधिभर विद्यार्थीले यस प्रतियोगिताको लागि आवेदन दिन सक्ने छन् । आवेदन मिति पश्चात आएका आवेदन स्वतः रद्द हुने छन् ।

१०. प्रतियोगीले तयार गरेको पोस्टर agrifair@afu.edu.np मा निर्धारित समय भित्रै पठाउनु पर्नेछ ।

११. प्रदर्शनमा रहेका ५० पोस्टरहरुको अनुगमन तथा मुल्यांकन गरि प्रथम, द्वितीय र तृतीय पोस्टरहरुलाई नगद रु १०,००० (अक्षरुपि: दस हजार रुपैया), ७,००० (अक्षरुपि: सात हजार रुपैया) र ५,००० (अक्षरुपि: पाँच हजार रुपैया) क्रमश पुरस्कार प्रदान गरिने छ । यस्तै दुई पोस्टरलाइ सान्त्वना पुरस्कार स्वरूप १,५०० (अक्षरुपि: एक हजार पाँच सय रुपैया) प्रदान गरिने छ ।

१२. पोस्टर छपाई सम्बन्धि सम्पूर्ण कार्य कृषि प्रदर्शनी एवं कृषक मेला-२०८१ को सचिवालय मार्फत हुनेछ ।

१३. टेम्प्लेट भन्दा अन्य रुपमा आएको पोस्टरको मुल्यांकन हुने छैन ।

१४. पोस्टर प्रतियोगिता सम्बन्धि सम्पूर्ण अधिकार यस कृषि प्रदर्शनी तथा कृषक मेला-२०८१, मूल आयोजक समितिमा निहित रहने छ ।